# स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्ष श्री चिरन्जीवी शाही द्वारा प्रस्तुत आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम

## स्वामीकार्तिक खापर गाउँपालिका

सुइजिउला वाई, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०७७ असार १७ गते

**स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम**

**गाँउसभाका अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु तथा अन्य उपस्थित सम्पूर्ण अथिति महानुभावहरु**

आज यस गरिमामय सभामा २०७७/७८ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले अत्यन्तै गौरवको महसुस गरेको छु ।

नेपालमा भएका विभिन्न राजनैतिक परिर्वतन प्राप्तीको आन्दोलनमा आफ्नो जीवन उत्र्सग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहान्छु । साथै नेपालको विभिन्न राजनैतिक परिर्वतनका आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण नेताज्यूहरु प्रति सम्मान व्यक्त गर्न चाहान्छु । साथै यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा आफ्नो अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण अग्रजलाई यस गरिमामय सभामा स्मरण गर्न चाहान्छु ।

नेपालको आफ्नो मिचिएको भु-भागलाई समेटेर नेपाल सरकारले ऐतिहाँसिक राजनैतिक नक्सा जारी गरी संसदबाट सर्वसहमतिमा पास गरेको दुवै संसद र नेपाल सरकारलाई हार्दिक धन्यवादका साथ सम्मान ब्यक्त गर्न चाहान्छु ।

मानव जाति माथि नै चुनौतिका रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९) महामारीले गर्दा उत्पन्न परिस्थितिमा ज्यान गुमाउनुहुने सम्पूर्ण दिवंगत नेपाली नागरिकहरु प्रति भावपूर्ण श्रद्धान्जली ब्यक्त गर्दै यस रोगबाट संक्रमित सम्पूर्ण नागरिकको यथाशिघ्र स्वास्थ्यलाभको कामना गर्दछु र यसले विश्व समुदायलाई नै मानवीय र आर्थिक क्षेत्रमा पारेको प्रभाव प्रति दुःख ब्यक्त गर्दछु ।

**अध्यक्ष महोदय,**

बाजुरा जिल्लाको बिकट तर सुन्दर एवं सम्भावना बोकेको स्वामीकार्तिक खापर गाउँपालिकाको पुर्वमा कालिकोट र मुगु जिल्ला पश्चिममा जगन्नाथ गाउँपालिका, उत्तरमा हिमाली गाउँपालिका र दक्षिणमा कालिकोट जिल्लासंग सिमाना जोडिएको छ । ११०.५० बर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाँउपालिकामामा २४ सय ४२ घरधुरीका १४,९०९ व्यक्तिहरु बसोबास गर्दछन । ३०.१३ प्रतिशत दलित, ४२.४२ प्रतिशत क्षेत्री, ८.०८ प्रतिशत बाहुन, १५.५६ प्रतिशत ठकुरी र ३.८० प्रतिशत सन्यासी/दशनामी समुदायको बसोबास रहेको यो गाँउपालिका साविकको साप्पाटाका विकट बस्ती लौठी, उपरगाउ देखि साविकको वाई गाविसको मिगुको बस्ती समेत पर्दछ । पानीका स्रोत अत्यन्तै कम भएको यस गाँउपालिकामा खेतियोग्य जमिन भएर पनि खडेरी र भोकमरी समस्याले ग्रसित छ । ३ वटा स्वास्थ्य चौकी, ३ वटा सामुदायिक स्वास्थ्य इकाइ, २ वटा प्रसुती गृह, ६ वटा माध्यामिक बिद्यालय, २० वटा आधारभुत बिद्यालय , २४ वटा वालविकास केन्द्र र २ वटा निजि विद्यालय स्थापना भई संचालनमा रहेका छन ।

१ बर्ष भित्र गाउँपालिकाका सबै वडा केन्द्रमा मोटर बाटो पुऱ्याउने र यसै बर्ष भित्र सबै वडाका गाउँ वस्तीमा बिजुली बाल्ने दृढ संकल्प गरेका छौं ।

**अध्यक्ष महोदय,**

गाउँपालिकाको अविभार समालेको ३ वर्ष पार गरी चौथो बर्ष मा प्रवेश गरेका छौ । यसै बिचमा हामी आर्थिक  समृद्धीको मार्ग अगाडी बढाउन अहिलेको प्रमुख राष्ट्रिय कार्य भार रहेको छ । कोभिड १९ का कारण मुलूकमा जुन प्रकारको आर्थिक चुनौति र अवसर देखा परेका छन् , हाम्रो गाउँपालिमा पनि त्यसको प्रत्यक्ष प्रभाव परेको छ । गत चैत्र पहिलो साता देखि भौतिक निमार्ण कार्य तथा आर्थिक क्रियाकलापहरु ठप्प भएको यस विषम परिस्थितिमा हामीले अघिल्लो बर्ष भन्दा चालु आर्थिक बर्षमा केहि सहजता अनुभव गरेका छौं । तर पनि विश्वभरी महामारीका रुपमा फैलिएको कोभिड १९ का कारणले लक्षित कार्यक्रमहरु पुरा हुन पाएनन् र यसले गाउँपालिकालाई अपुरणीय क्षति पुगेको छ ।  यस्तो परिस्थिति बिच बाट हामीले केहीकार्यको थालनी गर्दै घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन पाटोलाई अगाढी बढाएका छौं ।

जनताको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले यसै आर्थिक बर्ष भित्र एम्बुलेन्स खरिद गरी सेवा सञ्चालनमा ल्याएको छ । जसले गर्दा लकडाउनको समयमा पनि विरामीले स्वास्थ्य उपचार सेवा पाएका छन ।

कोभिड १९ ले प्रभावित भै स्वदेश र भारत लगायत तेस्रो मुलुकबाट घर फर्किएका नागरिकहरुलाई संक्रमण नहोस भन्ने हेतुले नेपाल सरकारको नीति अनुरुप स्वदेशबाट आएकालाई सम्वन्धित वडाका क्वारेन्टीनमा र भारतबाट आएकालाई गाउँपालिकाले निमार्ण गरेको क्वारेन्टीनमा राखि ब्यवस्थापन गरेका छौं ।

गाउँपालिकालाई सडक सञ्जालमा जोड्ने निती अनुरुप हाल सम्म वडा नं ५ को जेरा, वडा नं ४ को सवै बस्ती, वडा नं ३ को सवै बस्ती, वडा नं १ को जिजुवा र रुढी सम्म सडक सञ्जाल विस्तार भएको छ । वडा नं २ र वडा नं ५ को मिगु बस्ती सम्म सडक सञ्जाल पुर्‍याउने काम जारी रहेको छ ।

गाउँपालिकाका सवै वडामा विद्युत सेवा पुऱ्याउने उद्देश्य अनुरुप स्वामीकार्तिक खापर गाउँपालिकाको वडा नं ५ मा रहेको खाली खोला लघु जलविद्युत अन्तीम चरणमा पुगेको छ । भने हाल लकडाउनका कारण लिफ्ट सिँचाई वाई, कर्णाली नदीमा फेरी निमार्ण कार्य र वडा नं २ को ढिकुरी सिँचाई कुलो तथा लघु जलविद्युत आयोजनाका काम प्रभावित भएकाले सो निमार्ण कार्यलाई निरन्तरता दिइने छ ।

**अध्यक्ष महोदय,**

विश्वमा फैलिएको कोरोना भाइरसका कारण हाम्रो देश पनि जटिल चुनौती सामना गरिरहेको परिप्रेक्षमा हामी पनि सोही समस्याबाट गुज्रिरहेका छौं । कोरोना भाइरस कहिले सम्म रहने हो भन्ने कुरा हालको अवस्था सम्म अनुमान गर्न सकिने अवस्था छैन । यो चुनौतिको सामना गर्न गाउँपालिकाले आफ्नो शक्ति र स्रोतको उपयोग गर्ने कुरामा दुई मत छैन तथापी हामी सवै नागरिकले सचेत भएर यो महामारिका विरुद्ध लड्नु पर्ने आजको टट्कारो आवश्यकता हो ।

**अध्यक्ष महोदय,**

**आगामी आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।**

**"६ 'ज' को आधार, गाउँपालिका समृद्धिको उपहार"** भन्ने मूल मन्त्रलाई अंगीकार गर्दै जल, जंगल, जमिन, जडिबुटी, जनावर र जनशक्तिलाई गाउँपालिकाको समृद्धिका लागि उपयोग र व्यवस्थापन गर्ने नीति अघि सारेको छु ।

**(क) कृषि तथा पशुपालन व्यवसाय**

१. कृषि क्षेत्रको आधुनिकीकरण तथा उत्पादन मा बृद्धि गर्दै ब्लक र पकेट क्षेत्रको रुपमा विकास गर्नेका साथै गाउँपालिका स्थरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिने छ ।
२. युवा उद्यमीलाई प्रोत्साहन गर्ने उद्देश्यले साझेदारीमा पशुपंक्षि फर्महरु स्थापना गरिने छ ।
३. कृषकको आर्थिक स्तर बृद्धि गर्ने उद्देश्यले स्याउ लगायत विभिन्न फलफूलका विरुवा वितरण गरिने छ ।
४. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्था सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपले वार्षिक रुपमा रु. ५० हजार भन्दा माथी नाफा आर्जन गर्ने व्यक्ति, फर्म वा समुहलाई प्रोत्साहन सोरुप पुरस्कार तथा प्रमाण पत्र दिई व्यवसायिकता लाई बढावा दिने निती लिईनेछ ।
५. साझा पसलको व्यवस्था गरी खाद्य सामाग्री विक्रि वितरणमा सहज तथा स्थानीय उपभोक्ता लाई सस्तो दरमा उपलब्ध गर्ने निती लिईनेछ ।
६. रैथाने बालि प्रर्वद्धन विक्रि तथा वितरणका लागि विउ वैक मार्फत कोसेलि घर स्थापना गरी संचालन गर्ने निती लिईनेछ ।
७. रैथाने बालीको उत्पादन बृद्धि गर्न **"१० पाथी एक रैथाने बाली, शुरु गर्छौं यसपालि"** भन्ने नारा अघि सारी कृषि सहकारी, फर्म तथा समूह मार्फत विउ विजन लगायत अन्य आधुनिक कृषि प्रविधि तर्फ सहुलियत दिने नीति लिइनेछ ।
८. कृषि क्षेत्रमा काम गर्ने उत्कृष्ट कृषक समूहलाई हाते ट्रयाक्टर ५० प्रतिशत अनुदानमा दिइने छ ।
९. निजी र सार्वजनिक तथा बाँझो जमिनलाई उपयोग गर्ने नीति अनुरुप कृषि समूह र कृषि फर्महरुलाई अनुदानको व्यवस्था गरिने छ । यसका लागि सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
१०. गाउँपालिका भित्र प्रादेशिक र संघीय निकाय सँगको साझेदारीमा स्याउ लगायत अन्य फलफूल प्रशोधन केन्द्र स्थापना गरी संचालन गरिने छ ।
११. कृषकले उत्पादन गरेको कृषि जन्य उत्पादनलाई बजारीकरण गर्नका लागि गाउँपालिकाले आवश्यक सहयोगको निती लिनेछ । साथै कृषि उपजहरुको मूल्य निर्धारण गरिने छ ।
१२. कृषकलाई प्रोत्साहन गर्नका लागि कृषि बाली तथा पशुपन्छी विमा गर्ने नीति लिइने छ ।
१३. तरकारी तथा दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भरता बढाउन र पोषणमा सुधार गर्न एक घर एक करेसा बारी सञ्चालन गरेका उत्कृष्ट कृषकलाई अनुदान दिने नीति लिईने छ ।

१४. युवा बेरोजगारीलाई व्यवसायिक बनाउने उद्देश्य अनुरुप कृषि तथा पशुपंक्षि व्यवसाय गर्ने युवा उद्यमीहरुलाई पूर्वाधार तथा कृषि सामग्री, प्राविधिक सहायता, पशु उपचार व्यवस्था र विउविजनमा आवश्यक सहयोग गरिने निती लिइने छ ।
१५. गाउँपालिकालाई अर्गानिक गाउँपालिका बनाउने उदेश्य अनुरुप जैविक मल उत्पादन र शत्रु जीव व्यवस्थापनका लागि आवश्यक निती लिइने छ ।
१६. माटो परीक्षण लगायत कृषिका आधारभूत सेवाहरु कृषकको घरदैलोमा सहजरुपमा उपलब्ध गराउने नीति लिइने छ ।
१७. गाँउपालिका भित्र पशु स्वास्थ्य शिविर, पशु स्वास्थ्य उपचार, गोठे मलसुधार र भकारो सुधार कार्यक्रमलाई संचालन गरिनेछ ।
१८. गाउँपालिकामा जैतुन खेती विस्तारका लागि जैतुन जोन कार्यालय र अन्य निकाय संग समन्वय गरी जैतुन संरक्षण तथा प्रर्वधन गर्ने र स्थानिय जातको जैतुन फलको प्रशोधनका आवश्यक पुर्वाधारको व्यवस्था गर्ने निती लिइने छ ।
१९. व्यवसायिक कुखुरा पालनलाई प्रर्वद्धन गरी गरीवी न्यूनीकरण गर्न गा.पा स्तरमा सामुदायिक ह्याचरी स्थापना गरि जिविकापार्जनका क्रियाकलाप संचालन गर्ने निती लिईनेछ ।
२०. विउ बैक प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी विउ बैंक लाई परिचालन गर्ने नीति लिईनेछ ।
२१. रैथाने वालीको प्रोफायल तयार गरी सोही अनुसार रैथाने बालिको प्रवर्द्धन, संकलन तथा विक्रि वितरण गर्ने निती लिईनेछ ।
२२. अर्गानिक तरकारी, खाद्य वस्तु, रैथाने वालि विक्रि केन्द्र मार्फत उत्पादित वस्तुहरु विक्रि तथा बजारीकरण गर्ने नीति लिईनेछ ।
२३. कपास खेती, उखु खेती, उन्नत जातको वदाम खेती लगायतका खाद्यान्न फलफुल तथा नगदे वालीको प्रवर्द्धनका लागि कृषि सहकारी तथा कृषि फर्म र **कृषक समूह संग मनमोहन** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२४. यस क्षेत्रको खडेरी र खाद्यसंकटलाई मध्यनजर गर्दै सिंचाईका आयोजनाहरुलाई प्राथमिकता दिई लागु गरिनेछ ।
२५. कृषि रणनीतीक गुरु योजना बनाई लक्ष अनुरुप अगाडी बढाईनेछ ।
२६. गाउँपालिकाको उपयुक्त स्थानमा घाँस नर्सरी स्थापनाका लागि आवश्यक नीति लिइनेछ ।
२७. मौरीपालन व्यवसाय गर्ने कृषकको प्रोत्साहनका लागि आधुनिक प्रविधिको प्रयोगमा आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
२८. गाउँपालिकालाई मसला बालीमा आत्मनिर्भर बनाउन मसला बाली, जैविक चिया खेती गर्ने कृषकका लागि आवश्यक अनुदानको व्यवस्था गरिने छ । साथै मसला, जैविक चिया उद्योगलाई प्रोत्साहन गर्ने निती लिइनेछ ।
२९. स्थानिय उत्पादनलाई प्रोत्साहन गर्नका लागि यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने कुनै पनि गोष्ठी, तालिम, सभा, समारोह र कार्यक्रमका लागि प्रयोग हुने खाना र नास्तामा आयातित पत्रु ( जंकफूट) खाद्य वस्तुको प्रयोगलाई निषेध गर्दै यसै आर्थिक बर्ष देखि रैथानेबालिबाट उत्पादन भएको स्थानीय बालीका परिकारहरुलाई खाजा खानाको रुपमा प्रयोग गर्ने निती लिइनेछ ।
३०. गाउँपालिका भित्र उत्पादन भई उपभोगमा बढी भएका कृषि जन्य वस्तुको संकलनका लागि गाउँपालिकामा संकलन केन्द्रको स्थापना गरिने नीति लिइने छ । संकलन केन्द्रमा रहेका कृषि जन्य वस्तुलाई गाउँपालिका भित्र वितरण गर्नुपर्ने अवस्थामा संकलित सामग्रीको प्रयोग गर्ने र अपुग भएमा मात्र बाहिरबाट खरिद गर्ने नीति लिइनेछ ।
३१. गाउँपालिका भरिको सम्पुर्ण जमिनको तथाङ्क व्यवस्थित गर्ने नीति लिइनेछ ।

३२. तोरी खेती प्रवर्द्धनका लागि घरमै बीउ उपलब्ध गरी कृषकलाई तोरी उत्पादन गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

३३. फलफुल खेती प्रवर्द्धन तथा कृषकलाई व्यवसायिक बनाउनका लागि गाउँपालिकाका पाँचै वडामा १/१ फलफुल फर्मको स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

३४. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट र दुध डेरी स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिईनेछ ।

३५. कृतिम गर्वाधान तथा नस्ल सुधारका क्रियाकलापलाई संचालन गरिने छन् ।

३६. स्वामीकार्तिक खापर गाउँपालिका साविकको गा.वि.स. मा स्तरिय कलष्टर बैठक संचालन गरिनेछ ।

**(ख) शिक्षा**

१. शिक्षा क्षेत्रको गुणात्मक विकासका लागि आवश्यक शैक्षिक सामग्रीको परिपूर्ति गर्ने नीति लिई शिक्षालाई जीवनोपयोगी र गुणस्तरीयतामा विशेष जोड दिइनेछ ।

२. शिक्षण संस्थाहरुलाई सूचना तथा संञ्चार प्रविधिको प्रयोग तर्फ प्रोत्साहन गर्न कम्प्युटर, प्रोजेक्टर, स्मार्टबोर्ड जस्ता आधुनिक शैक्षिक सामग्रीको प्रयोगमा जोड दिदै अन्य आन्तरिक भौतिक स्रोत साधन सम्पन्न गरिदै लगिनेछ । विद्यालयहरुलाई सूचना, सञ्चार र प्रविधि सँग जोडनका लागि विज्ञान प्रयोगशाला, पुस्तकालय र आइ.सि.टि. ल्याब सहित इन्टरनेट जडानका लागि कार्यन्वयन गरिनेछ ।

३. आधारभुत र माध्यामिक विद्यालयहरुको भौतिक पूर्वाधार सुधार तर्फ ध्यान दिदै अस्थायी टीनका छानाहरु, टहरालाई बिस्तापित गरी आवश्यकताका आधारमा आधुनिक भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४. यस शैक्षिक सत्र भित्र निश्चित मापदण्ड अनुसार समायोजन गर्न मिल्ने विद्यालयहरुलाई समायोजन गरिने छ र समायोजन हुने विद्यालयका लागि आवश्यक पूर्वाधार विकास र अन्य व्यवस्थापनमा सहयोग गरिने छ ।

५. अपाङ्ग, बिपन्न तथा फरक क्षमता भएका परीवारका बालबालिकालाई विद्यालय तहको अध्ययनका लागि  आबश्यक सहयोग गरीने छ । र दृष्टीबिहीन ,बहिरा बालबालिकाहरुको तथ्याङ्क संकलन गरी सांकेतिक भाषाको लागी शिक्षकहरुलाई तालिमको व्यवस्था मिलाईने छ ।

६. शिक्षाका सबै तहमा गुणस्तरीयता सुनिश्चित गर्न गाउँपालिकामा शिक्षा सुढीकरणका लागि कार्यविधि बमोजिम स्वयमसेवक शिक्षक परिचालनलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिका भरिमा एउटा माद्यामिक विद्यालयलाई नमुना विद्यालय बनाउनका लागि आवश्यक तयारी गरिने छ ।

८. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न विद्यालय भित्रकुनै पनि राजनीतिक दलका कार्यक्रमहरु संचालन गर्न नदिने व्यवस्था मिलाईने छ । साथै विद्यालय क्षेत्रको १०० मिटर दुरी भित्र सुर्ती तथा सुर्ती जन्य पदार्थ, मदिरा तथा मध्यपान जन्य पदार्थ र अन्य लागु औषध जन्य पदार्थ विक्रि वितरणमा कडाइका साथ प्रतिवन्ध लगाइनेछ ।

९. सामुदायिक अध्ययन केन्द्रहरुको स्तर वृद्धि गरी युवा सुचना केन्द्र र पुस्तकालयको रुपमा विकास गर्दै लगिने छ ।

१०. निजी क्षेत्रको लगानीमा संचालन भएका बिद्यालयहरुलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाईने छ ।
११. गाउँपालिका भित्र रहेका विद्यालयहरुको शिक्षाको गुणस्तरलाई आधार मानी विद्यालयहरुलाई बर्गीकरण गरी दण्ड र पुरस्कारको व्यवस्था गरिने छ । साथै विद्यालयहरुलाई प्रतिश्पर्धी बनाउन बिद्यालय स्तरीय शैक्षिक प्रतियोगिता गराईनेछ ।
१२. गाउँपालिकाका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकका लागि शिक्षा ऐनमा भएको व्यवस्था अनुसार तहगत शैक्षिक योग्यतालाई अनिवार्य लागू गर्ने नीति लिइनेछ ।
१३. वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिले अनिवार्य रुपमा महिनाको १ पटक बिद्यालयको अनुगमन गरी गाउँपालिकालाई प्रतिवेदन पेश गनुपर्ने नीति अबलम्बन गरिनेछ ।
१४. एक विद्यालय एक उद्यम कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
१५. विद्यालयलाई स्वच्छ खानेपानीको व्यवस्था गर्नुका साथै पूर्ण सरसफाई गर्ने नीति लिईनेछ ।
१६. विद्यालयमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१७. स्वयमसेवक शिक्षकहरु लाई पोसाक भत्ता उपलब्ध गराईनेछ ।

**(ग) युवा तथा खेलकुद**

१. राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितालाई निरन्तर दिईनेछ ।
२. युवा उद्यम कार्यक्रम ,युवा क्लव संसद अभ्यास कार्यक्रम, यूवा क्लव गठन, युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम, सामाजिक जागरण, रुपान्त्रण र समृद्धिका लागि युवा परिचालन कार्यक्रम, युवा प्रमोशन र परामर्श कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ ।
३. अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

**(घ) स्वास्थ्य सेवा**

१. हाल विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिएको र बाजुरा जिल्ला समेत उच्च जोखिममा परेका कारण हाम्रो गाउँपालिका पनि यसको जोखिम बाट अछुतो नरहने तर्फ ध्यान दिदै आवश्यक सचेतनाका कार्यक्रम सञ्चालनका साथै यसको रोकथाम, संक्रमण फैलिन नदिन आवश्यक आइसोलेसनको ब्यवस्था गरिने छ ।
२. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा सुत्केरी सेवाका लागि सहजताका सम्बन्धमा अति आवश्यक पर्ने सामग्रीको ब्यवस्था गर्ने र जटिल प्रकारका प्रसुती महिलाका लागि गाउँपालिकाको एम्वुलेन्सबाट निशुल्क उद्धार गर्ने नीति लिइनेछ ।
३. बृद्ध सँग विरही कार्यक्रम संचालन गरी गाउँपालिका भरिका बृद्धलाई घर घरमा गएर स्वास्थ्य उपचार गरिनेछ ।
४. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार, आधारभुत स्वास्थ्य सेवामा सवैको पहँच पुऱ्याउन स्वास्थ्य शिविर, सुत्केरीलाई पोषणयुक्त आहार व्यवस्थाका लागि नीति लिइनेछ ।
५. स्वास्थ्य स्वयम सेविकाको सेवालाई व्यवस्थित गर्न विद्यमान प्रविधिको प्रयोग गर्न असमर्थ र उमेर ५० बर्ष पुरा भएका महिला स्वास्थ्य स्वय सेविकालाई सम्मान जनक रुपमा विदा गर्ने र महिला स्वास्थ्य स्वयम सेविका हुनका लागि कक्षा १० पास गरेको हुनुपर्नेछ व्यवस्था गरिनुका साथै स्वास्थ्य स्वयम सेविकालाई कार्य सम्पादनको आधारमा प्रोत्साहन गरिनेछ ।

६. स्वास्थ्य संस्था भन्दा बाहीर रहेका बस्तीहरुमा प्रसुती गृह निर्माणका लागी आबश्यक पहल गरीने छ ।
७. गरीब, बिपन्न, असाहयहरु लाई जटलि खाले रोगको औषधी उपचारका लागी सहयोग गर्ने ब्यबस्था मिलाईनेछ ।
८. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी सामुदायिक स्वास्थ्य ईकाइहरुमा राज्यद्वारा घोषित निःशुल्क औषधी खरीद एवं वितरण बिगत झैं समयमानै खरीद एवं वितरण गरी औषधी अभाव हुन नदीने नीति अबलम्बन गरिनेछ ।
९. महिनावारी स्वच्छता व्यवस्थापन लाई निरन्तरता दिने निती लिईने छ ।
१०. साझा औषधि पसलको व्वस्थापन गरि सहजरुमा सस्तो दरमा औषधि विक्रि वितरण गर्ने निती लिईने छ ।
११. सम्पुर्ण रोगको पहिचान हुने गरि गा.पा स्तरमा स्वास्थ्य टेस्टका लागि सुविधा सम्पन्न ल्यावको स्थापना गरी यही आ.व बाट नै संचालन गर्ने नीति लिईनेछ ।
१२. जनस्वास्थ्यलाई अत्यावश्यक, आधारभुत तथा मौलिक अधिकारका रुपमा स्थापित गर्दै स्वास्थ्य संस्थाको स्तरोन्तती एवं स्वास्थ्य सेवाप्रवाहलाई गुणस्तरीय बनाईने छ । र गाउँपालिका केन्द्रमा आयुर्बेद औषधालय स्थापनाका लागी आवश्यक पहल गरीनेछ ।
१३. स्वास्थ्य चौकीलाई व्यवस्थित गर्दै आवश्यक उपकरणहरुको व्यवस्था गरिने छ र प्रत्येक वडाका स्वास्थ्य चौकीमा ल्याबको व्यवस्था मिलाई आवश्यक कर्मचारीको व्यवस्थापन गरिनेछ ।
१४. संघीय र प्रदेश सरकारको सहयोगमा आ.व. २०७७।०७८ बाटै गाउँपालिकामा १५ सौया अस्पतालको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

**(ङ) खानेपानी तथा सरसफाई**

१. स्वच्छ खानेपानी तथा सरसफाई सम्बन्धी तयार भएको गुरुयोजनाका आधारमा गाउँपालिका भरी स्वच्छ, शुद्ध र प्रयाप्त खानेपानीको व्यवस्था गरिनुका साथै खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७ यस गाउँ सभाबाट पास गरि गाउँपालिका स्थरिय खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड गठन गरी खानेपानी सम्बन्धीका सम्पुर्ण क्रियाकलापलाई यस बोर्ड मार्फत संचालन गर्ने नीति लिईनेछ ।
२. गाउँपालिका क्षेत्रभित्र एक घर एक चर्पी, जुठयान र चाङको नीति पुर्ण रुपमा लागु गरिनेछ, आगामि ५ वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ । खानेपानी योजनाहरुको प्रभावकारी संचालनका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।
३. प्रत्येक २ वर्षमा जलउपयोग गुरु योजना लाई अद्यावधिक गरी गा.पा का वडामा रहेका सम्पुर्ण टोल,बस्तीहरुमा नयाँ खानेपानी तथा पुराना योजनाहरु मर्मत संभार गरी छिटो भन्दा छिटो स्वच्छ, सफा र शुद्ध खानेपानी पुऱ्याउने निती लिईने छ ।
४. प्रत्येक खानेपानी योजनामा खानेपानी सुरक्षा योजना र मर्मत सम्भार कार्यविधि अनिवार्य रुप लागु गर्नुपर्ने व्यवस्था गरिनेछ ।
५. गाउँपालिकालाई वि.स. २०८३ भित्र पुर्ण सरसफाई युक्त गा.पा घोषणा गर्नका लागि गाउँपालिका खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन रणनीति अनरुप क्रियाकलाप संचालन गर्ने नीति लिईनेछ ।

६. नयाँ बजार र नयाँ बस्ती बिकासका लागि एकिकृत बस्ती बिकास योजनालाई समन्वयतात्मक रुपमा संचालन गर्न पहल गरिनेछ ।
७. खानेपानी तथा सिँचाईका मुहानहरुका साथै सिम क्षेत्रको संरक्षण गर्नका लागि विशेष कार्यक्रम लागु गरिनेछ ।
८. गाउँपालिका र ग्रामीण जलस्रोत परियोजनाको साझेदारीमा परियोजना संञ्चालन भएका वडाहरुमा स्वच्छ खानेपानी, सिँचाई र आयआर्जनका कार्यक्रमहरु लागु गरीनेछन् ।
९. पाँच बर्ष भित्र गाउँपालिकाका सम्पुर्ण बस्तीमा “एक घर एक धारा” पुऱ्याउने नीति लिईनेछ ।
१०. नेपाल सरकारको पूर्ण सरसफाई निर्देशिका २०७५ बमोजिम छाउगोठ मुक्त गाउँपालिका भैसकेको सन्दर्भमा एवम् वि.स.२०८३ भित्र पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाई उन्मुख तथा विद्यालयलाई तीन तारा पद्धतीमा विकास एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान संचालन गरिनेछ ।
११. खानेपानी सरसफाई स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**(च) धार्मिक तथा पर्यटन प्रवर्द्धन**

१. गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदालाई संरक्षण र सम्बर्द्धन गरी आर्थिक आयआर्जनको आधार बनाइनुका साथै धार्मिक पर्यटन क्षेत्रको विकासका लागि अध्ययन अनुसन्धान गरी स्थानीय पर्यटन बोर्ड बनाई क्रियाकलापहरुलाई तिव्रता दिइनेछ । अन्य पर्यटकीय स्थानको बिवरण संकलन गरी प्रचार प्रसार र बोस्रर प्रकाशनमा ल्याईने कार्यलाई निरन्तरता दिइने छ ।
२. धार्मिक महत्वका रुपमा रहेको देउरा क्षेत्रलाई धार्मिक पर्यटनसंग जोड्नका लागि पादुका र पिलुचौरसंग जोड्ने त्रिकोणात्मक पुलको सम्भाव्यता अध्ययन साथै पादुका देखि कार्तिक स्वामी देव स्थल सहजै जानका लागि र पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उदेश्यले केबलकारको सम्भाव्यता अध्ययन गरिनेछ ।
३. गाउँपालिका भित्र रहेका परम्परागत मठ मन्दिरहरुको निर्माण तथा जीर्णाद्धारका साथै यसका वरीपरी पार्क निर्माण गर्ने आवश्यक कार्य अगाडी बढाइनेछ ।
४. पर्यटकीय स्थलको संरक्षण र पोखरीको निर्माण गरी पर्यटक क्षेत्रको रुपमा विकास गरीने छ ।
५. पर्यटकको मनोरन्जनको लागि कर्णाली नदीमा जलयात्रा सेवा (ऱ्याफ्टिङ) लाई निरन्तरता दिईनेछ ।
६. स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्र भित्र मनाईने कला, लोक संस्कृति र स्थानिय चाडपर्वलाई समयानुकूल व्यवस्थित रुपमा मनाउन, बिकास र संरक्षण गर्नका लागि लोक साँस्कृतिक क्षेत्रमा क्रियाशील संघ संस्थाहरुलाई परिचालन गरिने नीति लिइनेछ र परम्परागत लोक संस्कृती भुव, भौलो, चाली, मागल, चाँडची, देउडालाई लिपीबद्ध गरिनेछ ।
७. कर्णाली नदीको संरक्षण र स्वच्छता कायम गर्न यस नदीसँग सम्बधित अन्य स्थानीय तहहरु सँग समन्वय गरी विभिन्न नीतिगत तथा चेतनामुलक सहित भौतिक पूर्वाधार कार्यक्रमहरु संचालन गर्ने निती लिइनेछ ।
८. इको टुरिजमलाई प्रवर्द्धन गर्न जैविक विविधता संरक्षणको नीति लिईनेछ ।

९. स्थानीय था वाह्य पर्यटकलाई सहजरुपमा खान र बस्नका लागि कर्णाली पुल सुईजिउलामा होमस्टेको व्यवस्था गर्ने र भविष्यमा आवश्यक ठाउँमा विस्तार गर्दै पर्यटनलाई प्रवर्द्धन गर्ने निती लिईने छ ।

**(छ) वन तथा वातावरण**

१. वन जंगलको संरक्षण, विस्तार गर्दै वनलाई थप व्यवस्थापन गरिने छ । वन तथा वनबाट प्राप्त हुने वन पैदावर, जडिबुटी, काष्ठ तथा गैर काष्ठ र कु काठ आदिको उपयोग गर्ने निती लिई आर्थिक लाभ प्राप्त गर्ने र वन क्षेत्रमा बृक्षारोपणलाई प्राथमिकतामा राखिने छ ।
२. राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन र नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ । व्यवसायिक ढंगले केही समयका लागि बनको खाली क्षेत्रको जग्गा प्रयोग गरी बृक्षारोपण, फलफुल खेती जस्ता कार्य गर्न चाहेमा सम्बन्धित निकायसंग सम्झौता गरी उपलव्ध गराउने नीति लिइनेछ ।
३. राष्ट्रिय वन तथा सामुदायिक वनको जग्गा अतिक्रमण, खोरिया खन्ने, अबैध चोरी शिकारी, अबैध रुपमा काठ काट्ने तथा काठ निकाशी गर्ने र जडीबुटी निकाशी गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याई कारवाहीका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।
४. हरेक व्यक्तिको जन्म र मृत्यु भएको अवस्थामा अनिर्वाय रुपमा एक विरुवा रोप्ने प्रभावकारी रुपमा लागु गराईने छ ।
५. काठ जन्य सामाग्रीमा आत्मनिर्भर बन्नका लागि युवाहरुलाई तालिम दिनुका साथै स्थानिय व्यावसायीहरुलाई प्रोत्साहनका लागी निरन्तरता दिइने छ ।
६. गाउँपालिका भरी आवश्यक फर्निचरहरुको बाहिरबाट हुने आयात बन्द गरी गाउँपालिका भित्रै उत्पादन भएका काठका फर्निचर प्रयोग अनिवार्य गरिनेछ र फर्निचर उद्योग संचालन गर्ने व्यवसायीलाई आवश्यक सामाग्रीको सहयोग गरिनेछ ।
७. वातावरण संरक्षणका लागि जलबायु परिबर्तन अनुकुलनका कार्यक्रम, वन तथा वातावरण संरक्षण कार्यक्रम संचालनका लागि पहल गरिने छ ।
८. बाढी र पहिरोबाट हुने धनजनको क्षति न्युनिकरण गर्नका लागि विभिन्न संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछन् ।
९. गाउँपालिका क्षेत्र भित्र हुने बाढी, पहिरो ,आगलागी ,सुक्काखडेरी जस्ता प्राकृतिक बिपती र अन्य कृतिम बिपत्तीबाट उद्धार गरी तुरुन्त राहतकार्य गर्न गाउँपालिका, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी ,नेपाली सेनासंग समन्वय गरी तुरुन्त उद्धार, प्राथमिक राहत र दर्घिकालिन योजना बनाउन गाउँपालिका स्तरीय विपद् व्यवस्थापन निती निर्माण गरी कार्यान्वयन गरिनेछ ।
१०. गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ साथै सम्पुर्ण विपद तथा जोखिम न्यूनीकरण कार्य योजना बनाई लागु गरिनेछ ।
११. कुनै पनि जडिबुटी संकलन गर्दा बिउ नष्ट हुने गरि संकलन गर्न पाइनेछैन साथै जडिबुटीको नर्सरी संचालन गर्ने व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।
१२. स्थानीय विपद तथा जलवायु उत्थानशिल रणनितीक योजनालाई अद्यावधिक गरी लागु गर्ने नीति लिईनेछ ।
१३. पुर्वमा जुम्ला पश्चिममा कालिकोट उत्तरमा मुगु र दक्षिणमा स्वामीकार्तिक खापर गाउँपालिका सँग जोडिएको राष्ट्रिय बनलाई निकुन्जको नीति ल्याईनेछ ।

### (ज) पूर्वाधार बिकास, स्थानिय सडक पुल तथा झोलुङ्गे पुल

१. गाउँपालिका केन्द्र बाट ४ वटा वडामा सडक सञ्जालले जोडिएको र वडा नं २ लाई सडक सञ्जालमा जोड्नेगरी वडा नं ५ को कालापहरा देखि वडा नं २ को पुलाँहाखोला सम्मको नरजंग, नरजित, नरपति ग्रामिण सडक निर्माणलाई निरतन्तर अगाडी बढाइनेछ ।
२. गाउँपालिका क्षेत्र भित्रका पूर्वाधार निर्माण गर्दा वडा स्तरीय, गाउँपालिका स्तरीय र प्रदेश/संघ स्तरीय योजना गरी ३ तहमा बर्गिकरण गरी कार्यन्वयन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
३. साना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि पूँजीगत बजेटबाट केही बजेट मर्मत सम्भार कोषमा बिनियोजिन गरिनेछ । २ लाख बराबरका निर्माण कार्यमा अध्यक्षको सोझै तोकबाट योजना छनोट र रकम विनियोजन गरिने कार्यलाई निरन्तरता दिइने छ ।
४. हाल संचालनमा रहेका झोलुङ्गेपुलहरुको संरक्षण, मर्मत संम्भार गरी आवश्वकता अनुसार नयाँ झोलुङ्गेपुलहरु निर्माण गर्न पहल गर्ने कार्यलाई निरन्तता दिइनेछ ।
८. गाउँपालिकाका लागि आवश्वक पर्ने मेशिनरी औजार तथा सवारी साधन खरिद गरिनेछ ।

### (झ) सिँचाई

१. व्यवसायिक कृर्षिलाई प्रवर्द्धन गर्नका लागि आकाशे ट्याकी, हिउँपोखरी, पोखरी ,थोपा सिँचाईको व्यवस्थापन गरिनेछ ।
२. स्वामीकार्तिक खापर गाउँपालिकाको खेतीयोग्य जमिनमा सिँचाईको सुबिधाका लागि सम्भाव्यता अध्ययन गर्ने र लाभका आधारमा सिँचाई कुलो निर्माण गरिनेछ ।
३. कर्णाली नदिबाट वाईको लिफ्ट सिँचाई लाई प्रदेश सरकारको सहयोगबाट कार्य संचालन गरिनेछ र बाँकी सम्भावित ठाउँको अध्ययन गरी क्रमस निर्माण कार्य अघि बढाइनेछ ।
४. गाउँपालिका अर्न्तगत आवश्यक स्थानहरुमा सम्भाव्यता र औचित्यताका आधारमा सिँचाई ट्याकी निर्माण गर्ने नीति लिईने छ ।

### (ञ) भवन तथा सहरी बिकास

१. गाउँपालिका केन्द्र रहेको क्षेत्र तथा आसपासमा चालु आर्थिक बर्ष देखि सहरी तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड लाई सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माण गर्दा पालना गर्न लगाईने र क्रमश सबै वडाहरुमा व्यक्तिगत घर निर्माणमा समेत लागु गर्ने नीति लिईनेछ ।
२. गाउँपालिकाको भवन र बाँकी रहेका वडा कार्यालयको भवन निर्माणको कार्यलाई यसै बर्षबाट सुरु गरिनेछ ।
३. स्वास्थ्य चौकी भवन तथा विद्यालयका भवनहरुको स्थलगत अनुगमन गरी जीर्ण तथा अपुग स्थानमा भवन निर्माणको कार्यलाई प्राथमिकताका साथ समन्वय र पहल गरिनेछ ।
४. घर, छाना तथा घट्ट निर्माणका लागि वडा तथा गाउँपालिकाबाट अनुमति दिइनेछ ।
५. घर तथा छाना निर्माणमा छतमा काठ राख्ने कार्यका लागि पुर्जी रोक्का गर्ने र रुख काट्न बञ्चरो प्रयोगलाई रोक लगाई आरा प्रयोग गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।

६. घर छाना निर्माणका लागी वडा तथा गाउँपालिका बाट अनुमति लिई सकेपछि मात्र सामुदायिक वनहरुले पुर्जी दिने व्यवस्था मिलाइनेछ ।
७. वाई कप्साडी लगाएत उपयुक्त स्थानमा एकिकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन गर्ने नीति लिईनेछ ।

## (ट) उर्जा, लघु जल बिधुत तथा साना जलबिद्युत एवं बैकल्पिक उर्जा

१. जेरा खालीखोला र ढिकुरी लघु जल बिद्युत आयोजनाको कार्य यसै बर्ष सम्पन्न गरिनेछ साथै वडा नं. ३ को द्वन्दकालमा ध्वस्त भएको घट्टेपाटा लघु जल विद्युतको पुन निर्माण गरिनेछ ।
२. स्वामीकार्तिक खापर गाउँपालिकाको क्षेत्रमा रहेका पानीको श्रोतहरुको अध्ययन गरी विद्युत निर्माण गर्न सकिने भए सो स्थानमा प्राथमिकताका साथ निर्माण कार्य गर्ने नीति अबलम्बन गरीने छ ।
३. बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग लाई प्राथमिकता दिईनेछ ।
४. गोवर ग्यास प्लान्टहरु निर्माणमा थप सुविधा दिई निर्माणमा किसानहरुलाई प्रोत्साहित गरिने छ ।
५. गाउँपालिकामा विभिन्न लघु जल विद्युत आयोजनाबाट विद्युत लाइन प्रसारण भएकोले ति आयोजनाको मर्मत सम्भार गरिनेछ ।

## (ठ) सूचना संचार तथा प्रविधि

१. गाउँपालिकाबाट संचालित विविध कार्यक्रम तथा सेवाप्रबाहको अधिकतम रुपमा सार्वजनिकीकरण गरी पारदर्शिता र जबाफ देहितामा अभिबृद्धि गर्न रेडियो, पत्रपत्रिका र अनलाइनको प्रयोग गरिनेछ ।
२. सूचना माग्ने र पाउने आम नागरिकको संबैधानिक अधिकार भएकाले सोको प्रत्याभुति गर्न गाउँपालिकाले आफ्नो गतिबिधिहरुलाई बिभिन्न माध्यामबाट सहज र सर्बसुलभ रुपमा सूचना प्राप्त गर्न सक्ने गर्ने ब्यवस्था मिलाईनेछ ।
३. स्थानीय पत्रिका, एफ.एम रेडियो मार्फत गाँउपालिकाका गतिबिधि तथा नीति नियमहरु आवश्वकता अनुसार प्रकाशन र प्रशारण गरिनेछ ।
४. सूचना र संचार क्षेत्रको संरक्षण, संवर्द्धन गर्न बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।
५. खोज मुलक र अनुसन्धान मुलक पत्रकारितालाई प्रवर्द्धन गर्न क्षमता विकास कार्यक्रम संचानल गरिनेछ ।
६. गाउँपालिकामा भए गरेका सम्पुर्ण गतिबिदीलाई वेइबसाइट मार्फत सार्वजनिक गरिनेछ ।
७. नागरिक र जनप्रतिनिधि बिच गाउँपालिकामा भए गरेका कामको समिक्षा गर्ने उदेश्यले जनतासंग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईने छ ।
८. गाउँपालिकाको प्रशासनिक क्षमता अभिबृद्धी गर्न र चुस्त दुरुस्त प्रशासन कायम गर्न र गाउँपालिकाको सम्पुर्ण अभिलेखिकरण गर्नका लागि गाउँपालिकामा MIS स्थापना गर्न आफ्नो सर्वरको व्यवस्था गर्ने नीति लिईने छ ।
९. गाउँपालिका भित्रका सम्पुर्ण वडा कार्यालय, विद्यालय, स्वास्थ्य क्षेत्रका साथै व्यक्ति बस्तीहरु बिच पनि इन्टरनेटको पहुँच पुऱ्याउने नीति लिईनेछ ।
१०. आजको युग सूचना, संचार र प्रविधिको भएको कारण यस गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछन् ।

**(ड) विपद व्यवस्थापन**

१. जोखिममा रहेका बस्ती स्थान्तरण गर्नका लागि गाउँपालिका क्षेत्र भित्र सम्भाव्यता अध्ययन गरी सुरक्षित बस्ती विकासका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
२. विपद व्यवस्थापन कोष स्थापना र मापदण्ड बनाई राहत वितरण गरिने व्यवस्था मिलाईनेछ ।
३. विपदबाट हुने धनजनको क्षती कम गर्न पुर्व तयारी तालिम र विपद जोखिम न्यूनीकरण योजना बनाइनेछ ।
४. विपद व्यस्थापनका लागि सरोकारवालाहरु संग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्ने नीति लिईनेछ ।

**(ढ) अनुगमन तथा मुल्याङकन**

१. गाउँपालिकामा निमार्ण हुने भौतिक पूर्वाधार लगाएत अन्य कार्यक्रमहरुको प्रभावकारी मूल्याँकन तथा अनुगमनका लागि अन्तर वडाका जनप्रतिनीधि तथा प्राविधिहरुलाई क्रसचेकिङको अनुगमन नीति लिने छ । अनुगमन प्रर्णालीलाई चुस्त, पारदर्शि र प्रभावकारी बनाउँनका लागि पत्रकार, नागरिक समाज सरोकारवाला मन्चका प्रतिनिधिहरुको समेत संलग्नता गरी चुस्त र प्रर्भावकारी अनुगमन पद्धतिको जग बसाल्ने नीति लिईनेछ ।
२. विषयगत अनुगमन समितिको निर्माण, अनुगमन सुचक निर्माण,बार्षिक अनुगमन योजना तयार गरी प्रभााबकारी अनुगमन गरिनेछ । गाउँपालिकामा कार्यरत सरकारी तथा गैह्रसरकारी संघ सस्थाका कार्यक्रमहरुको नियमित अनुगमन गर्ने नीति लिईनेछ ।
३. सामुदायिक र निजि विद्यालय, सामुदायिक वन, सहकारीहरुको लेखा श्रेताको अनुगमन गरी पारदर्शिता कायम गर्न निर्देशित गरिनेछ ।
४. गाँउपालिकाको ३ बर्षे आवधिक रणनीति योजना बमोजिम विकास निर्माणका योजनाहरु संचालन गरिनेछ ।
५. भ्रष्ट्राचार न्यूनीकरण गर्न जनप्रतिनिधी तथा सरोकारवालाहरुको रोहवरमा सार्वजनिक सुनुवाईलाई प्रभावकारी कार्यन्वयन गरिने छ ।
६. हरेक योजनाको फोटो सहितको स्थलगत अनुगमन प्रतिवेदन आएपछि मात्र भुत्तानी दिईने व्यवस्था मिलाईनेछ ।
७. गाउँपालिकाबाट संचालित प्रत्येक योजनाको सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।
८. प्रत्येक चौमासिकमा यस गाउँपालिका विकास निर्माणका कार्यमा तथा सामाजिक सरोकारमा कार्यमा संलग्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले अनिवार्य रुपमा समिक्षा गर्ने परिपाटी कडाईका साथ लागु गरिनेछ । यस कार्यका लागि कार्यपालिका सदस्य तथा कर्मचारीहरुको क्षमता विकास तर्फ समेत विशेष ध्यान दिईनेछ ।
९. गाउँपालिका तथा गाउँपालिका भित्रका सार्वजनिक निकायको अनिवार्य रुपमा सामाजिक परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
१०. गाउँपालिकाको वार्षिक योजना अन्तर्गतका कृयाकलापहरुको प्रगति प्रतिवेदन तयार गरि सार्वजनिक गरिनेछ ।

**(ण) लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण**

१. दलित, महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका, वालवालिका, एकल महिलाहरु लाई सशक्तिकरण का लागी बिशेष कार्यक्रम संचालन गरिनेछ ।
२. बालबालिकाको चौतर्फी बिकासका लागि बाल प्रतियोगितात्मक, बाल मनोरञ्जनात्मक र बालमैत्री कार्यक्रमहरु संचालन गरिनेछ ।
३. बालमैत्री स्थानीय शासन अनुरुपका कार्यक्रम संचालन गरी वडा तथा गाउँलाई बालमैत्री गाउँपालीका बनाइनेछ ।
४. छाउपडी गोठमुक्त अभियानलाई सफल पार्न सचेतना र शिक्षाका माध्यमबाट जागरण तथा सामाजिक जनचेतना मुलक अभियान संचालन गरिनेछ ।
५. अपाङ्ग भएका नागरिकहरुका लागि अपाङ्ग लक्षीत कार्यक्रमहरु संचालन गरिनेछ ।
६. बालबिवाह न्युनिकरणका लागी गाउँपालिका स्तरमा बाल बिबाह न्युनीकरण जागरण अभियान संचानल गरिनेछ।
७. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत वितरण गरिने व्यवस्था यसै आर्थिक बर्ष बाट शुरुवात गरिनेछ ।
८. लैङ्गिक हिंसामुक्त गाउँ घोषणाका लागि बिभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
९. छुवाछुदको नाममा गरिने कुनैपनि विभेदलाई कानुनत अपराध मानिएकोले यस्तो अपराध गर्ने जो कोहीलाई सामाजिक कार्यमा बहिस्कृत गर्ने नीति लिईनेछ ।

**(त) बैंक तथा सहकारी**

१. हाल यस गाउँपालिकामा संचालनमा रहेका सहकारीहरुलाई उद्देश्य मुलक रुपमा संचालन गर्न प्रेरित गर्नुका साथै सहकारीहरुको नियमन गरिनेछ ।
२. सहकारी संघ संस्थाहरुको क्षमता विकास गर्ने र सवै घरपरिवारहरुलाई सहकारीमा आवद्ध हुने वातावरणको सृजना गरिनेछ ।
३. नीजि, सहकारी तथा सार्वजनिक क्षेत्रको सहकार्यमा आय आर्जनका कार्यक्रम अगाडी वढाईने नीति लिईने छ ।
४. सहकारीहरुलाई स्थानीय श्रोतको परिचालन गरी आयआर्जन का क्रियाकलाप संचालन मा लगाई व्यवसाय प्रर्वधनमा सहजीकरण गरिनेछ ।
५. बैंक तथा वित्तिय संस्थाहरुलाई स्वामीकार्तिक खापर गाउपालिका मा आर्कषित गर्ने नीति लिईनेछ ।
६. बैंक तथा बित्तीय संस्थाहरुलाई आर्थिक समृद्धिको क्षेत्र तथा युवा स्वरोजगार मुलक कार्यमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।
७. उच्च प्राविधिक शिक्षा हासिल गर्न चाहने गरिव, जेहेन्दार तथा दलित विद्यार्थीहरुलाई र उद्योग व्यवसाय सञ्चालन गर्ने बेरोजगार युवाहरुलाई सहकारी मार्फत सुलभ दरमा ऋण दिन लगाइने व्यवस्था मिलाईने छ ।

**(थ) उद्योग तथा वाणिज्य**

१. गाउँपालिका क्षेत्रभित्र जडिवुटी, फलफुल तथा जैतुन प्रशोधन केन्द्रको स्थापनाका लागि सम्वन्धित निकाय संग समन्वय गरिनेछ ।
२. गाउँपालिका भित्रको उपयुक्त क्षेत्रलाई उद्योग क्षेत्रको रुपमा स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
३. घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिई युवा स्वरोजगार नीतीलाई कार्यान्वयनमा ल्याइने छ ।
४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।
५. गाउँपालिकामा संचालन भएका तथा हुने कुनै पनि व्यवसाय गाउँपालिकामा अनिवार्य दर्ता तथा नवीकरण गर्ने नीतिलाई कडाईका साथ लागु गरिने छ ।
६. गाउँपालिका क्षेत्र भित्र मदिरा विक्रि वितरण पुर्ण रुपमा प्रतिबन्द गरिएको छ साथै जुवा तास खेल्ने ,मदिरा सेवन गरी होहल्ला, झैझगडा गर्ने तथा सामाजिक सदभाव खल्वल्याउने व्यक्तिहरुलाई कानुनी रुपमा कार्वाही गरिनेछ र मदिरा उत्पादन गर्ने व्यक्तिलाई गाउँपालिकाले प्रदान गर्ने सेवाबाट बन्चित गरिनेछ ।

**(द) संस्थागत बिकास , सेवाप्रवाह र सुशासन**

१. गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, बिषयगत शाखा कार्यालयहरुका कर्मचारीहरुको कार्य विवरण तयार गरी सेवाग्राहीप्रति उत्तरदायी हुने गरी परिचालित गर्ने नीति लिईने छ । र कर्मचारी आचार संहिता निर्माण गरी लागु गरिनेछ । गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुले सम्मान जनक सेवा प्रवाह गर्नु पर्नेछ ।
२. कर्मचारीहरुलाई गाउँपालिकाले तयार गरेको क्षमता बिकास योजना बमोजिम समय सापक्षे बिभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ ।
३. गाउँपालिकाका भरि कार्यरत सम्पुर्ण कर्मचारीको कार्य सम्पादन करार गर्ने कार्यको थालनी गरिनेछ साथै कार्य सम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
४. गाउँ सभा संचालन कार्यबिधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्वन्धि विविध बिषयहरुलाई कडाईका साथ पालना मा जोड दिईनेछ ।
५. गाउँपालिकाको संस्थागत क्षमता बृद्धिका लागि चालु आब मा भौतिक पूर्वाधार बिकास तथा अभिलेख प्रणालिलाई व्यवस्थित गर्दै लगिनेछ ।
६. गाउँपालिका बाट संचालन भएका योजनाहरुको योजना बैंक निर्माण गरी आगामी योजनाहरु तय गरिनेछ ।
७. स्वामीकार्तिक खापर गाउँपालिकाको पार्श्वचित्र तयार भैईसकेको र सोहि बमोजिम आवधिक योजना, गाउँ सडक योजना, विपद व्यवस्थापन योजना, आर्थिक विकास योजना लगायत अन्य आवश्यक योजना तर्जुमा गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ ।
८. संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार संचालन ऐन नियम अनुसार गाउँकार्यपालिकालाई आवश्वक पर्ने स्रोतको व्यवस्था गरी संगठन संरचना र दरबन्दी बमोजिमको आधारमा पदपूर्ति गरिनेछ ।

**(ध) अन्य**

१. आन्तरीक आयलाई सबल बनाउन राजश्वमा सुधार गर्न करका दायरालाई फराकिलो बनाई करदाता मैत्री वातावरण तयार गरिनेछ ।
२. आन्तरिक आयबृद्धि गर्नका लागि राजश्वको स्रोतहरु पहिचान गरिनेछ ।
३. टेलिफोन टावर, केवनलाईन, होडिङबोर्ड, संचार माध्यममा प्रशारण हुने बिज्ञापनमा कर लगाईने छ ।
४. एकिकृत सम्पती करलाई बिस्तार गरी पूर्ण रुपमा लागु गरिनेछ ।
५. गाउँपालिकाले बिभिन्न क्षेत्र बाट प्राप्त गर्ने कर ,शुल्क ,तथा अन्य दस्तुरहरुलाई प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायहरु संग सहकार्य गरिनेछ ।
६. राजश्व शाखा स्थापना गरी सुदुढ गर्ने र व्यवस्थित गर्दै लगिनेछ ।
७. घर नक्सा पासलाई व्यवस्थित बनाउदै लगिनेछ ।
८. पर्यटकीय क्षेत्रहरुको सुचना दर्शाउने खालका होडिङ् बोर्डहर विभिन्न ठाउँमा राखिनेछ ।

विश्व महामारीका रुपमा फैलिएको कोरोना भाइरसबाट देश आक्रान्त भएको विद्यमान अवस्थामा यस गाउँपालिका भित्रका नागरिकलाई कुनै पनि रोग र भोकको समस्यामा पर्न नदिनका लागि आवश्यक पर्ने श्रोत, साधन र जनशिक्तिको अभाव हुन नदिने र नागरिकहरुको जीवन रक्षा गर्दै बाँच्न पाउँने अधिकारको प्रत्याभूतिका लागि कुनै पनि कसुर बाँकी राखिने छैन ।

गाउँपालिकाको नीति तथा कार्यक्रम बनाउन सहयोग गर्नु हुने सम्पुर्ण विषय बिज्ञ, राजनितिक दल र कर्मचारी लगाएत सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।